# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक) मिति:२०८२/०२/०९

बैठक सुरु समय: दिनको ९ बजे

बैठक संख्या:१६

बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
स्थापना: २०७३
कोशी प्रदेश, नेपाल

**फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०२/०९ गते बसेको १६ औं बैठकका निर्णयहरू**

**प्रस्ताव नं.१**

आ.व.२०८१।८२ को संघीय विशेष अनुदान अपाङ्गता आयआर्जन अन्तर्गत प्राप्त बजेट बाट लाभग्राही छनौट गर्ने सम्बन्धमा।

**निर्णय नं.१**

संघीय सरकारबाट आ.व.२०८१।८२ का लागी फाल्गुनन्द गा.पा. ले समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७७ बमोजिम पेश गरेको प्रस्तावना अनुसार यस आ.व.का लागी प्राप्त विशेष अनुदान रू.७५ लाख अन्तर्गतको अपाङ्गता आयआर्जन सम्बन्धी बजेट अनुसार गाउँपालिकाले सम्बन्धित लाभग्राहीहरूको लागी मिति २०८२।१२।२७ गते आव्हान गरेको प्रस्तावना अनुसार प्राप्त व्यावसायिक योजना र प्रस्तावनाका आधारमा लाभग्राही छनौट गर्ने निर्णय गरियो। प्रस्ताव बमोजिमको अकबरे खुर्सानी र अदुवा खेती लाई अन्य आयमुलक कार्यक्रम मा रुपान्तरण गरी कार्यन्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.२**

मिति २०८१।०६।९-१२ गते आएको अविरल वर्षाबाट भएको क्षतिको मर्मत गर्ने सम्बन्धमा।

**निर्णय नं.२**

मिति २०८१।०६।९-१२ गते आएको अविरल वर्षाबाट भएको क्षतिको मर्मत गर्ने निर्णय गरियो।

**देहाय**

| क्र.सं. | संस्था आयोजनाको विवरण | रकम (रू) |
|---|---|---|
| १ | पौवासारता स्वास्थ्य चौकी वडा नं.३ को शौचालय मर्मत | रू. ३,००,०००।- |
| २ | तिनजुरे खानेपानी मर्मत तथा निर्माण फाल्गुनन्द-४ | रू. १,००,०००।- |

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ३ | जनकल्याण मा.वि. वडा नं.५ | रू. १,००,०००।- |
| ४ | पैंयोबोटे आ.वि. वडा नं.४ | रू. २५,०००।- |
| ५ | गाउँपालिका भित्रका ~~कुलो~~ खानेपानी मर्मतका लागी पाईप खरिद गरि वितरण गर्ने | रू. ५,००,०००।- |
| ६ | तल्लो नसुवा खानेपानी आयोजना मर्मत वडा नं.७ | रू. १,५०,०००।- |
| ७ | ज्योती मा.वि. वडा नं.७ | रू. १,५०,००००।- |
| ८ | पञ्चमिबाट आङ्साराङ जाने बाटो मर्मत | रू.२,००,०००।- |
| ९ | स्याङ्बाखोला विजयटार सल्लेरी खानेपानी आयोजना वडा नं.३ | रू.८०,०००।- |
| १० | आन्द्रेटार सडकखण्ड मर्मत वडा नं.१ | रू.७०,०००।- |

**प्रस्ताव नं.३**

जिल्ला खेलकुद विकास समिती पाँचथरलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

**निर्णय नं.३**

जिल्ला खेलकुद विकास समिति पाँचथरलाई कोशी प्रदेश स्तरिय ब्याडमिन्टन प्रतियोगिता-२०८१ सञ्चालन तथा व्यवस्थापनका लागी रू.५०,०००।– आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४**

फाल्गुनन्द गाउँपालिकाको आधाकारिक लोगो स्वीकृत गरी कार्यन्वयन गर्ने र पारिश्रमिक प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं.४**

फाल्गुनन्द गाउँपालिकाको आधाकारिक लोगो स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो र लोगो डिजाईनकर्तालाई रू.२५ हजार पारिश्रमिक दिने निर्णय गरियो।

**प्रस्ताव नं.५**

राहत उपलब्ध गराउने सम्बन्धमा।

**निर्णय नं.५**

आगालगीबाट पूर्णरूपमा घर नष्ट भएका देहायका व्यक्तिहरूको क्षति सम्बन्धमा वडा सर्जमिन, प्रहरी मुचुल्का, वडा सिफारीस र निवेदकले पेश गरेको निवेदनका आधारमा क्षतिपूर्ति वितरण गर्ने निर्णय गरियो।

१. खड्कबहादुर विश्वकर्मा फाल्गुनन्द गा.पा. वडा नं.६ लाई रू.३०,०००।–

२. सुन्दर कुमार वल तामाङ फाल्गुनन्द गा.पा. वडा नं.६ लाई रू.३०,०००।–

**प्रस्ताव नं. ६**

नामसामी केसामी केलाङ संस्था फा.गा.पा. वडा नं.४ लाई चासोक तङ्नाम कार्यक्रम सहयोग सम्बन्धमा।

**निर्णय नं. ६**

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३

कोशी प्रदेश, नेपाल


नमसामी केसामी केलाङ संस्था फा.गा.पा. वडा नं.४ लाई चासोक तङ्नाम कार्यक्रम सञ्चालनका लागी रु.१,२०,०००।– खेलकुद सहयता कार्यक्रम बाट सहयोग गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं.७</u>

फौजि किरा नियन्त्रण सम्बन्धमा।

<u>निर्णय नं.७</u>

मकैबालिमा देखिएको फौजीकिरा नियन्त्रणका लागी विपद जोखिम व्यवस्थापन शिर्षकबाट विषादी खरिद गरी वितरण गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं.८</u>

अध्यक्ष भलिबल कप २०८२ र प्रथम फाल्गुनन्द गा.पा. उपाध्यक्ष व्याडमिन्टन प्रतियोगिता-२०८२ फाल्गुनन्द गाउँपालिका वडा नं.१ नवमिडाँडामा आयोजना गर्ने सम्बन्धमा।

<u>निर्णय नं.८</u>

अध्यक्ष भलिबल कप २०८२ फाल्गुनन्द गा.पा. वडा नं. ७ मा वडा स्तरिय र प्रथम फाल्गुनन्द गा.पा. उपाध्यक्ष व्याडमिन्टन प्रतियोगिता-२०८२ फाल्गुनन्द गाउँपालिका वडा नं.१ नवमिडाँडामा आयोजना गर्ने निर्णय गरियो।